# नेपाल राष्ट्र बैंक
## वित्त व्यवस्थापन विभाग
## लगानी सम्बन्धी सूचना

यस बैंकको विभिन्न कोषहरूमा रहेको रकम लगानी गर्नुपर्ने भएकोले यस बैंकबाट इजाजतपत्र प्राप्त देहाय बमोजिमका शर्तहरू पूरा गरेका बैंक तथा वित्तीय संस्थाहरूबाट देहाय बमोजिमको सीमाभित्र रही आफूले लिन चाहेको रकम तथा उक्त रकम लिनको लागि प्रस्ताव गरिएको ब्याजदर समेत यसैसाथ संलग्न फारममा भरी उक्त फारमलाई pdf format मा Scan गरी Password Protected गरेर कुल लगानीयोग्य रकम मध्ये मिति **२०८१ जेठ ३ गते देखि २०८२ जेठ २ गते (तदनुसार मे १६, २०२४ देखि मे १६, २०२५) सम्म ३६६ दिन**को मुद्दती निक्षेपको रूपमा लिन चाहेको रकम खुलाई यस बैंकमा **मिति २०८१/०१/१४ गते** राती १२:०० बजेभित्र **fmdinvestment@nrb.org.np** मा प्राप्त हुने गरी ब्याजदर सम्बन्धी प्रस्ताव पेश गर्न आह्वान गरिएको छ। साथै, उक्त File को Password **मिति २०८१/०१/१६** गतेका दिन राती १२:०० बजेभित्र सोही इमेलमा जानकारी गराउन समेत अनुरोध छ।

| बैंक तथा वित्तीय संस्था | रकम (रु. लाखमा) |
|---|---|
| "क" वर्गको वाणिज्य बैंकको लागि छुट्याइएको रकम | १५,५५७ |
| "ख" वर्गको राष्ट्रियस्तरको विकास बैंकको लागि छुट्याइएको रकम | २,९१६ |
| "ग" वर्गको राष्ट्रियस्तरको वित्त कम्पनीको लागि छुट्याइएको रकम | ९७२ |
| **कुल लगानीयोग्य रकम** | **१९,४४५** |

**शर्तहरू**

(क) यस बैंकबाट तोकिएको न्यूनतम पुँजीकोष कायम रहेको।

(ख) कर्जा निक्षेपको अनुपात यस बैंकबाट तोकिएको सीमाभित्र रहेको।

(ग) निष्कृय कर्जा (एन.पी.ए.) कुल कर्जा सापटको **पाँच प्रतिशत** भन्दा कम भएको।

(घ) खुद तरल सम्पत्ति स्वदेशी निक्षेपको कम्तीमा **बीस प्रतिशत** वा सो भन्दा बढी रहेको।

(ङ) आ.व. २०७९/८० मा सञ्चालन मुनाफामा (व्यवस्था पछिको) रहेको।

(च) रियल स्टेट कर्जा यस बैंकबाट तोकिएको सीमाभन्दा बढी नभएको।

(छ) कुनै पनि सञ्चालक वा प्रमुख कार्यकारी अधिकृतलाई यस बैंकले जरिवाना गरेको अवस्थामा त्यस्तो जरिवाना गरिएको सञ्चालक वा प्रमुख कार्यकारी अधिकृत उक्त संस्थामा कायम नरहेको।

(ज) शीघ्र सुधारात्मक कारवाहीमा परेको भए, उक्त कारवाही फुकुवा भएको कम्तीमा छ महिना पूरा भएको।

(झ) **नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६** बमोजिमको कारवाहीमा परी समस्याग्रस्त घोषणा नभएको। समस्याग्रस्त घोषणा भएको भए सो कारवाही फुकुवा भएको छ महिना अवधि पूरा भएको।

(ञ) सर्वसाधारणको लागि छुट्याइएको शेयर जारी गरिसकेको।

(ट) प्रस्तावित ब्याजदर माथि उल्लिखित लगानी गरिने मितिसम्म मान्य हुनेछ। सम्बन्धित बैंक तथा वित्तीय संस्थाको ब्याजदर परिवर्तन सम्बन्धी सार्वजनिक सूचनाले प्रस्तावित ब्याजदरलाई कुनै असर पारेको मानिने छैन।

(ठ) ब्याजदर सम्बन्धी प्रस्ताव पेश गर्दा E-mail को Subject तथा Filename मा "FMD Fund FD Proposal_Bank Code" भनी उल्लेख गर्नु पर्नेछ। साथै, Password पठाउँदा E-mail को Subject मा "FMD Fund FD Proposal Password_Bank Code" भनी उल्लेख गर्नु पर्नेछ। Bank Code मा सम्बन्धित बैंक तथा वित्तीय संस्थाको नेपाल स्टक एक्सचेन्ज लि.मा लिस्टिङ्ग बमोजिमको Stock Symbol राख्नु पर्नेछ।

संस्थाको आधिकारिक E-mail मार्फत् प्राप्त प्रस्तावलाई मात्र मान्यता दिइनेछ । जस्तैः gmail.com, hotmail.com, yahoo.com आदि मार्फत् प्राप्त E-mail लाई मान्यता दिइने छैन ।

(ड) ब्याजदर सम्बन्धी प्रस्ताव पेश गर्दा अनिवार्य रूपमा Password Protected हुनु पर्नेछ । Password नराखेको प्रस्तावलाई मान्यता दिइने छैन ।

(ढ) रकम र ब्याजदर फरक पर्ने गरी एक पटक भन्दा बढी ब्याजदर प्रस्ताव पेश गरेमा उक्त बैंक तथा वित्तीय संस्थाले पेश गरेका सबै प्रस्तावहरू रद्द गरिने छ । तर एउटै प्रस्ताव एक पटक भन्दा बढी प्राप्त भएमा उक्त प्रस्तावलाई मान्यता दिइने छ ।

(ण) तोकिएको मिति र समयभित्र ब्याजदर सम्बन्धी प्रस्ताव फाइल पेश गर्नु पर्नेछ । उक्त मिति र समय पश्चात् प्राप्त हुने प्रस्तावलाई मान्यता दिइने छैन । तर प्रस्ताव पेश गर्न तोकिएको अन्तिम मितिमा सार्वजनिक बिदा पर्न गएमा सो बिदा पछिको पहिलो कार्यदिनलाई प्रस्ताव पेश गर्ने अन्तिम मिति र दोस्रो कार्यदिनलाई Password पठाउने अन्तिम मिति मानिने छ । यदि Password पठाउने मितिमा सार्वजनिक बिदा पर्न गएमा बिदा पछिको पहिलो कार्यदिनलाई Password पठाउने मितिको रूपमा मानिने छ ।

(त) तोकिएको मिति र समयभित्र ब्याजदर सम्बन्धी प्रस्ताव फाइलको Password पेश गर्नुपर्ने छ । उक्त मिति र समय अगाडि वा पछाडि पेश गरेको Password लाई मान्यता दिइने छैन ।

**मितिः २०८१/०१/१२**

**नेपाल राष्ट्र बैंक**
**वित्त व्यवस्थापन विभाग**
**बालुवाटार, काठमाडौं**
**सम्पर्क नं.: ५७१९६१८/१९/२०**
**एक्सटेन्सन नं.: २५४/२९५**

श्रीमान् कार्यकारी निर्देशकज्यू ,
नेपाल राष्ट्र बैंक
वित्त व्यवस्थापन विभाग ।

मिति :

विषय:- ब्याजदर सम्बन्धी प्रस्ताव पेश गरेको बारे ।

महोदय,

त्यस बैंकको विभिन्न कोषहरूमा रहेको लगानीयोग्य रकम बैंक तथा वित्तीय संस्थाहरूको मुद्दती निक्षेपमा लगानी गर्ने सम्बन्धमा तहाँबाट मिति ..........................मा भएको आह्वान बमोजिम तपसिलमा उल्लिखित सबै शर्तहरू यस बैंक/विकास बैंक/ वित्त कम्पनीले पूरा गरेको घोषणा गर्दै देहाय बमोजिमको तालिकामा उल्लेख भए अनुसारको ब्याजदरमा सोही तालिकामा उल्लेख भए बमोजिमको रकम मुद्दती निक्षेपको रूपमा लिन ईच्छुक भएकोले उक्त प्रयोजनको लागि यो प्रस्ताव पेश गरेका छौं ।

| क्र.सं. | प्रस्तावको किसिम | प्रस्तावित ब्याजदर (त्रैमासिक भुक्तानी) | अवधि | लिन चाहेको रकम (रु. लाखमा) | |
|---|---|---|---|---|---|
| | | | | न्यूनतम | अधिकतम |
| १. | नयाँ लगानी | | ३६६ दिन | रु.५० | रु. |

यस ......................................................को २०८० ........... महिनाको वित्तीय सूचकांक यस प्रकार रहेको व्यहोरा अनुरोध छ ।

| क्र.सं. | वित्तीय विवरण | वित्तीय सूचकांक |
|---|---|---|
| १ | प्राथमिक पुंजीकोष % | |
| २ | कर्जा निक्षेप अनुपात % | |
| ३ | निष्कृय कर्जा (एन.पी.ए.) अनुपात % | |
| ४ | खुद तरल सम्पत्ति/स्वदेशी निक्षेपको अनुपात % | |
| ५ | रियल स्टेट कर्जा/कुल कर्जाको अनुपात % | |
| ६ | सर्वसाधारणको कुल निक्षेप (रु.) | |
| ७ | चुक्ता पुंजी (रु.) | |
| ८ | आ.व. २०७९/८० को सञ्चालन मुनाफा (व्यवस्था पछिको) (रु.) | |
| ९ | आ.व. २०८०/८१ को तेस्रो त्रयमाससम्मको सञ्चालन मुनाफा (व्यवस्था पछिको) (रु.) | |
| १० | नेपाल राष्ट्र बैंकको बैंकिङ विभागमा रहेको खाता नं. | |
| ११ | संस्थाको १ वर्षे मुद्दती निक्षेपमा प्रदान गरिने हालको प्रकाशित ब्याजदर | |
| १२ | संस्थाको आधिकारिक इमेल ठेगाना | |

संस्थाको आधिकारिक पदाधिकारीको

दस्तखत:- ................................. संस्थाको ना :-

नाम:- ..................... संस्थाको ठेगाना:-

पद:- ........................ संस्थाको छाप:-

सम्पर्क नं.(मोबाइल):- ........................ फ्याक्स नं.:-

नोट : लगानीसँग सम्बन्धित आधिकारिक सम्पर्क व्यक्तिको पद, नाम, थर र सम्पर्क फोन नम्बर यस फारमको अन्त्यमा अनिवार्य रूपमा उल्लेख भएको हुनु पर्नेछ ।

नेपाल राष्ट्र बैंक